माडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घर्तिगाउँ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

प.स. : २०८३/०८४ मिति २०८३।०५।२२

च.नं. : —

बाढीपीडित राहत कोषमा पारिश्रमिक/सेवा-सुविधा योगदान सम्बन्धी सूचना

मिति २०८३ साल भाद्र १० गते रसुवा, नुवाकोट लगायतका जिल्लाहरूमा आएको विनाशकारी बाढी-पहिरोका कारण भएको अपूरणीय जनधनको क्षतिप्रति यस गाउँपालिका गहिरो दुःख व्यक्त गर्दछ।उक्त प्राकृतिक विपदबाट प्रभावित नागरिकहरूको राहत, उद्धार तथा पुनर्स्थापनाका लागि सहयोग पुऱ्याउने उद्देश्यले **गाउँकार्यपालिकाको मिति २०८३/०५/२२ गते** बसेको बैठकको निर्णय बमोजिम गाउँपालिकाका जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी तथा शिक्षकहरूको मिति २०८३ भाद्र महिनाको सेवा-सुविधा/तलबबाट देहाय बमोजिम निर्धारित दिनको पारिश्रमिक/भत्ता कट्टा गरी **प्रधानमन्त्री राहत कोषमा** कुल **रु. २२,१०,०००/- (अक्षरेपी बाइस लाख दश हजार रुपैयाँ मात्र)** अनुमानित रकम संकलन गरी जम्मा गर्ने निर्णय गरिएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

अनुमानित रकम सङ्कलन विवरण तालिका:

क्र.सं.	पद / श्रेणी (तह)	दिन	अनुमानित जम्मा कट्टा रकम (रु.)
१	जनप्रतिनिधि (अध्यक्ष, उपाध्यक्ष, तथा कार्यपालिका सदस्य)	५ दिन	४२,०००/-
२	जनप्रतिनिधि (वडा सदस्य)	२ दिन	२०,०००/-
३	अधिकृत स्तर (६/७/८ र माथि) तथा सो सरहका शिक्षक	७ दिन	१,९३,०००/-
४	सहायक स्तर (४/५) तथा सो सरहका शिक्षक	५ दिन	१८,२५,०००/-
५	श्रेणीविहीन कर्मचारी तथा विद्यालय कर्मचारी	३ दिन	१,३०,०००/-
जम्मा			२२,१०,०००/-

गणेश गौतम
प्रमुख प्रशासकीय अधिकृत

अमरसिंह घर्तीमगर
अध्यक्ष

"कृषि,पशुपंक्षी ,जडिबुटि र दिगो पूर्वाधार, समृद्ध माडीको आधार"

CS Scanned with CamScanner